# पाँचथर पावर कम्पनि लिमिटेड

## Panchthar Power Company Ltd.

हात्तिवन ललितपुर ,फोन नं. ०१–५२५१००३, ०१–५२५१००४

Email : ppchewa@gmail.com, website: www.ppcl.com.np


# चौथो तथा पाँचौ बार्षिक साधारण सभा वस्ने वारेको सूचना

**प्रथप पटक प्रकाशित मितिः २०७७/११/०१**

**श्री आदरणीय शेयरधनि महानुभावहरू,**

यस पाँचथर पावर कम्पनि लिमिटेडको मिति २०७७/१०/२५ मा वसेको सचालक समितिको बैठकको निर्णय अनुसार निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न भिडियो कन्फरेन्स अर्थात भर्चुअल माध्यम वाट निम्न मिति स्थान र समयमा कम्पनिको चौथो तथा पाँचौ वार्षिक साधारण सभा सम्युक्त रुपमा बस्ने भएकोले सम्पुर्ण शेयरधनि महानुभावहरूको जानकारीको लागी कम्पनि ऐन २०६३ को दफा ६७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने स्थान मिति र समय**

**मिति** : २०७७ साल फाल्गुण २४ गते (तदनुसार सन ८ मार्च २०२१ सोमबार) ।

**समय** : दिनको ११.०० वजे

**स्थान** : होटल इम्पेरीयल काठमाण्डौ, बत्तिसपुतली, र भर्चुअल माध्यम (ZOOM APP) मार्फत एकसाथ सभा सञ्चालन हुनेछ ।

(वर्तमान कोभिड-१९ को महाव्याधिको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सुरक्षा सम्बन्धी निर्देशन तथा मापदण्डको सम्मान एवं परिपालना गर्दै सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण तोकिएको संख्यामा मात्र शेयरधनीहरू सभास्थलमा उपस्थित हुन सक्ने भएकोले शेयरधनी महानुभावहरूको उपस्थितिका लागि भर्चुअल माध्यमको व्यवस्था गरिएको छ ।)

**छलफलका बिषयहरू:**

१. अध्यक्षज्यूको मन्तव्य तथा चौथो र पाँचौ बार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

२. लेखापरीक्षकद्वारा प्रस्तुत आ. व. २०७५/०७६ र २०७६/०७७ को लेखा परीक्षण प्रतिवेदन सहितको आय व्यय विवरण र वासलात माथि छलफल गरि पारीत गर्ने बारे ।

३. आगामी आ.व. २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम वर्तमान लेखापरीक्षक संस्था पि.वाई.सि. एण्ड एसोसिएट्स पुनः नियुक्तीका लागि योग्य रहेको ।)

४. कम्पनिको नियमावली को नियम २७ अनुसार सस्थापक समुह वाट ६ जना संचालक तथा सर्वसाधारण समुह वाट २ जना संचालकहरूको निर्वाचन/मनोनयन गर्ने बारे ।

५. संचालक समितिको सुविधा तथा बैठक भत्ता तोक्ने बारे ।

६. विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

# साधारण सभा सम्बन्धी थप सामान्य जानकारी

१) बर्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७७/११/११ गते एक दिन कम्पनिको शेयर धनि दर्ता किताव वन्द गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/११/१० गते सम्म कारोवार भइ शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनिहरू सो सभामा भाग लिनका लागि योग्य हुनेछन ।

२) भर्चुअल माध्यमबाट सभामा भाग लिन चाहने शेयरधनी महानुभावहरूले फोन नं. ०१-५२५१००३, ०१५२५२००४ मा वा कम्पनीको आधिकारिक ईमेलः ppchewa@gmail.com मा सम्पर्क गरी साधारण सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै आफ्नो नाम इमेल ठेगाना टिपाउनु पर्नेछ । भर्चुअल माध्यम मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरूलाई Meeting ID / Passcode उपलब्ध गराई सभामा सहभागि हुने व्यवस्था मिलाईनेछ ।

३) वर्तमान कोभिड-१९ को महाव्याधि नियन्त्रणका सम्बन्धमा नेपाल सरकारले तोकेको सिमा भन्दा बढी व्यक्ति भेला हुन नपाइने हुनाले भर्चुअल माध्यमबाट उपस्थित शेयरधनीलाई सभास्थलमा उपस्थित भए सरह मान्यता दिई सभा सञ्चालन गरिनेछ र यसरी उपस्थित शेयरधनीहरूको हाजिरीका लागि निजहरू Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने र सभा संचालन अवधिभरको भिडियो रेकर्डिङ्ग गरिनेछ ।

४) अनलाईन (भर्चुअल) माध्यमबाट सभामा सहभागी हुन तथा आफ्नो मन्तव्य राख्न सकिने व्यवस्था मिलाइएको हुँदा कोरोना भइरस (कोभिड-१९) को संक्रमणबाट बच्न र बचाउन यथासक्य अनलाईन (भर्चुअल) माध्यमबाट उपस्थित भईदिनु हुन शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछौं ।

५) सभा सुरु हुनु भन्दा एक घण्टा अगाडीबाट भर्चुअल माध्यम खुल्ला गरिनेछ । उक्त एक घण्टाको समय भित्र सभामा सहभागि हुने शेयरधनीहरूले दिईएको Meeting ID र Passcode को माध्यमबाट Login गरी आफ्नो परिचय सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ

६) वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान १० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहनेछ । कोभिड-१९ को संक्रमणको जोखिमका कारण सभास्थलमा उपस्थित हुँदा २ मिटरको सामाजिक दुरी कायम हुने गरी हाजिरी, मतदान तथा सभा स्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाईरस संक्रमणबाट बच्न, बचाउनका लागि आवश्यक पर्ने मास्क, पन्जा लगायतका न्यूनतम सूरक्षाका उपकरणहरू प्रयोग गर्न हुन अनुरोध छ ।

७) भर्चुअल माध्यमबाट आफ्नो राय, सुझाव वा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरूले सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको फोन नं. ०१-५२५२००३, ०१-५२५१००४ मा वा कम्पनीको आधिकारिक ईमेलः ppchewa@gmail.com मा सम्पर्क गरी नाम टिपाउन हुन अनुरोध गर्दछौं । सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनु हुने शेयरधनी माहानुभावहरूले उक्त राय सुझाव कम्पनीको इमेल ठेगानामा पठाउन सक्नु हुनेछ ।

८) वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको प्रधान कार्यालयबाट तथा साधारण सभाका दिन सभाहलबाट र कम्पनिको वेवसाईट वाट समेत प्राप्त गर्न सकिनेछ ।

९) सञ्चालक निर्वाचनको विस्तुत कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय (यस कम्पनीको प्रधान कार्यालय हातिवन ललितपुरमा प्रकाशित हुने भएकोले त्यस सम्बन्धमा थप जानकारी राख्न ईच्छुक शेयरधनी तथा उम्मेदवारले कार्यालय समय भित्र सर्म्पक राख्न अनुरोध गर्दछौं ।

१०) सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वत : बदर हुनेछ ।

११) संरक्षक रहनु भएका शेयरधनी महानुभावहरूका तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ

१२) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता गरेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सकिनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित सस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

१३) सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले तल दफा १४ र १५ मा उल्लेख भए बमोजिम कम्पनीको प्रधान कार्यालय, हात्तिवन, ललितपुरमा प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रमको सूचनामा उल्लेखित मितिमा निर्धारित समय भित्र कम्पनीको शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित तोकिएको ढाँचा बमोजिम आफ्नो उम्मेदवारको दरखास्त दर्ता गर्नु पर्नेछ । उम्मेद्वारीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा समेत सोहि निर्वाचन सम्बन्धी कार्यक्रम बमोजिम आफ्नो नाम फिर्ता लिन दरखास्त दर्ता गनुपर्नेछ । सञ्चालक पदमा उम्मेदवारी दिने शेयरधनी अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुन सक्ने छैन ।

१४) सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले कम्पनीको नियमावली बमोजिम आवश्यक शेयर लिई प्रचलित कानुन बमोजिम सञ्चालक हुने योग्य रहेको हुनपर्दछ ।

१५) यस कम्पनीको सञ्चालक निर्वाचन निर्देशिका शेयरधनीहरूले यस कम्पनीको प्रधान कार्यलय, हातिवन, ललितपुर बाट प्राप्त गर्न सक्नुहुनेछ । निर्वाचन सम्बन्धी अन्य जानकारी तथा कार्यक्रम सब्बन्धी सुचना कम्पनीको प्रधान कार्यालयको सूचना पाटीमा टाँसिने छ ।

१६) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरूमध्ये विविध शिर्षक अर्न्तगत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुन भन्दा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्ष लाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुने छ ।

१७) वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय, हातिवन, ललितपुरमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेव साइट www.ppcl.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।